प्रदेश लोक सेवा आयोग

सुदूरपश्चिम प्रदेश

प्रदेश तथा स्थानीय तह तर्फ नेपाल कृषि सेवा अन्तर्गतका प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स र एगृ.इको.एण्ड मार्केटिङ्ग समूह, सहायकस्तर चौथो तह, नायव प्राविधिक सहायक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

पाठ्यक्रमको रुपरेखाः- यस पाठ्यक्रमको आधारमा निम्नानुसारका चरणमा परीक्षा लिइने छः-

क. प्रथम चरणः लिखित परीक्षा (Written Examination) पूर्णाङ्कः १००

ख. द्वितीय चरणः अन्तर्वार्ता (Interview) पूर्णाङ्कः १५

परीक्षा योजना (Examination Scheme)

प्रथम चरण :- लिखित परीक्षा (Written Examination)

विषय	पूर्णाङ्क	उत्तिर्णाङ्क	परीक्षा प्रणाली	प्रश्न संख्या × अङ्कभार	समय
सेवा सम्वन्धी	१००	४०	वस्तुगत बहुवैकल्पिक (Multiple Choice)	५० प्रश्न × २ अङ्क=१००	४५ मिनेट

द्वितीय चरणः अन्तर्वार्ता (Interview)

विषय	पूर्णाङ्क	परीक्षा प्रणाली
अन्तर्वार्ता	१५	मौखिक

द्रष्टव्यः

१.लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

२. लिखित परीक्षामा यथासम्भव निम्नानुसार प्रश्नहरु सोधिनेछ ।

पाठ्यक्रमका एकाइ	१	२	३	४	५	६	७
प्रश्न संख्या	१४	६	६	६	६	६	६

३. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

४. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधनभई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

५. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको अन्तर्वार्तामा सम्मिलित गराइनेछ।

६. पाठ्यक्रम लागू मिति :- २०७८/०८/०८

प्रदेश लोक सेवा आयोग

प्रदेश तथा स्थानीय तह तर्फ नेपाल कृषि सेवा अन्तर्गतका प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स र एगृ.इको.एण्ड मार्केटिङ्ग समूह, सहायकस्तर चौथो तह, नायव प्राविधिक सहायक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

पत्र/ विषय :- सेवा सम्वन्धी

१. कृषि सम्बन्धी

१.१ नेपालको संविधान (कृषि तथा खाद्य सम्वन्धी व्यवस्था)
१.२ निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० (कर्मचारीको आचरण, विदा र सजाय सम्वन्धी व्यवस्था)
१.३ स्थानीय सरकार संचालन ऐन,२०७४
१.४ राष्ट्रिय कृषि नीति, २०६१, कृषि विकास रणनीति (२०१५-२०३५)का प्रमुख विशेषताहरु
१.५ प्रदेश र स्थानीय तहको वर्तमान कृषि संरचना
१.६ प्रमुख कृषि जन्य वस्तुहरुको उत्पादन लागत तथा मूल्य निर्धारण
१.७ नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्व र नेपालको कृषि क्षेत्रका प्रमुख समस्याहरु
१.८ नेपालका प्रमुख बालीहरु तथा तिनको उत्पादन अवस्था
१.९ कृषि विकासमा कृषि प्रसार, कृषि अनुसन्धान र कृषि शिक्षाको महत्व
१.१० प्राङ्गारिक कृषि पद्वती र सिद्धान्तहरु
१.११ कृषि तथा पशुपंक्षी वीमा सम्वन्धी व्यवस्था
१.१२ कृषि विकासमा ग्रामीण पूर्वाधार (सिंचाइ, कृषि सडक, कोल्डस्टोर, बजार आदि) को महत्व
१.१३ कृषि आधुनिकीकरण तथा व्यवसायीकरण बारे सामान्य जानकारी
१.१४ सुदुरपश्चिम प्रदेशको सहकारी ऐन,२०७५
१.१५ सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन ऐन,२०७६
१.१६ सुदूरपश्चिम प्रदेशमा संचालनमा रहेका कृषि परियोजना तथा कार्यक्रमहरु
१.१७ सुदूरपश्चिम प्रदेशका मुख्य मुख्य कृषि उत्पादन एवं स्थलहरु
१.१८ जलवायु परिवर्तन र यसले नेपालको कृषि क्षेत्रमा पुन्याएका असर/प्रभावहरु र न्यूनीकरणका उपायहरु
१.१९ खाद्य तथा पोषण सुरक्षा सम्बन्धी सामान्य जानकारी

२. बागवानी

२.१ बागवानीको परिभाषा, नेपालमा बागवानी विकासको आवश्यकता र सम्भावना
२.२ नेपालमा वागवानीजन्य बालीहरु (फलफूल, तरकारी, आलु तथा मसला)को सिफारिश गरिएका जातहरु
२.३ प्रमुख फलफूल बालीहरु (आँप, लिची, केरा भुईंकटहर, अम्बा, सुन्तला, स्याउ, किवी, ओखर) को खेती गर्ने उन्नत तरिका, प्रसारण, काँटछाँट, मलखाद व्यवस्थापन, रोग कीराहरु तथा अन्य विकृतिहरु र तिनको व्यवस्थापन, उत्पादन, प्रशोधन, भण्डारण र ढुवानी
२.४ फलफूल, तरकारी तथा मसला बाली (अलैंची, अदुवा, बेसार) को नर्सरी स्थापना तथा व्यवस्थापन
२.५ प्रमुख तरकारी बालीहरु : आलु (Potato), काउली समूह (Cole crops), फल समूह (Fruit vegetables), जरे बाली समूह (Root crops), गानो बाली समूह (Bulb crops), फर्सी समूह (Cucurbits),सागपात समूह (Leafy vegetables) र कोशे बाली समूह (Leguminous vegetables)
२.६ फलफूल तथा तरकारी खेतीमा हाइब्रीड (वर्णशंकर) जातहरुको प्रयोग र महत्व
२.७ बेमौसमी तरकारी खेती प्रविधि (प्लाष्टिक घर, ग्रीन हाउस, एग्री नेट हाउसमा खेती) को आवश्यकता र महत्व
२.८ करेसावारी (Kitchen Garden) को परिभाषा, महत्व र व्यवस्थापन तरिका
२.९ बाली उत्पादन उपरान्तका क्षतिहरु र न्यूनीकरणका उपायहरु (उत्पादन लिने उचित समय, फलफूल पकाउने, भण्डारण, सफाइ, छनौट, क्युरिङ्ग, ग्रेडिङ्ग, मैन लगाउने, उपचार, कोल्ड चेन)
२.१० तरकारी बीउ उत्पादन प्रविधिः आलु,काउली समुह, जरे वाली, फल समुह, लहरे वाली
२.११ तरकारी खेति वाली पात्रो
२.१२ उच्च घनत्व फलफुल खेती प्रविधि (High Density Planting)

३ कृषि प्रसार

३.१ कृषि प्रसार-परिचय, अवधारणा, सिद्धान्त, महत्व र विशेषताहरु

३.२ कृषि प्रसार कार्यकर्ता र निजमा हुनुपर्ने गुणहरु

३.३ नेपालमा सञ्चालन भएका विभिन्न कृषि प्रसार पद्धतिहरु

३.४ नेपालमा सञ्चालित विभिन्न कृषि प्रसार तरिकाहरु र तिनीहरुको सञ्चालन विधि

३.५ अगुवा कृषक तथा कृषक समूहको परिचय, महत्व एवं कृषि प्रसारमा अगुवा कृषकको भूमिका

३.६ कृषक समूह गठन प्रकृया एवं प्रभावकारी परिचालन, कृषक समूह मार्फत कृषि प्रसार कार्य सञ्चालन

३.७ कृषि प्रसारमा स्थानीय नेतृत्वको भूमिका

३.८ कृषि संचार कार्यक्रमको आवश्यकता तथा विकसित नयाँ प्रविधिहरु (श्रव्यदृश्य सामग्री, मोवाइल एप्लिकेशन र किसान कल सेन्टर)

३.९ कृषि तालिम र यसको महत्व, प्रभावकारी तालिम सञ्चालनका आधारहरु

३.१० कृषक पाठशाला, किसान-किसान कृषि प्रसार पद्धति

४ बाली विज्ञान

४.१ बाली विज्ञानको परिभाषा र नेपालमा बाली विकासको महत्व

४.२ नेपालमा लगाइने खाद्यान्न, दलहन, तेलहन तथा औद्योगिक बालीहरुको वैज्ञानिक वर्गीकरण र नामाकरण

४.३ नेपालको विभिन्न हावापानी लागि विगत पाँच वर्षमा सिफारीस गरिएका धान, मकै, गहुँ, ऊखु, जुट, मुसुरो, र तोरी बालीका जात र तिनीहरुको पाक्ने अवधि, सरदर उत्पादन क्षमता, सिफारीस क्षेत्र र मुख्य विशेषताहरु र राजपत्रबाट हटाईएका (Denotified) जातहरु

४.४ बीउको परिभाषा, गुणस्तरीय बीउ उत्पादन र उत्पादनोपरान्त गुणस्तर कायम राख्न अपनाउनुपर्ने विधिहरु

४.५ धान, मकै, गहुँ, उँखु, जुट, मुसुरो, र तोरी बालीहरुको उन्नत खेती प्रविधि

४.६ नेपालको विभिन्न क्षेत्रमा प्रचलित बालीचक्र तिनको महत्व, उदहारण र संकेत चिन्ह

४.७ सुदूरपश्चिम प्रदेशका विभिन्न क्षेत्रमा उत्पादन हुने रैथाने वालीहरु

४.८ बीउ विजन ऐन,२०४५ (पहिलो संशोधन,२०६४) र बीउ विजन नियमावली, २०६९

५ बाली संरक्षण

५.१ नेपालका प्रमुख खाद्यान्न, नगदे, तरकारी एवं फलफूल बालीका प्रमुख रोग, किरा एवं झारपात तीनको पहिचान, नोक्सानी एवं रोकथाम प्रविधि

५.२ एकीकृत शत्रुजीव व्यवस्थापन (Integrated pest management) परिचय,सिद्धान्त र महत्व

५.३ कृषि विकासमा उत्पादनोपरान्तको रोग किरा व्यवस्थापनको महत्व र यस क्षेत्रमा उपलब्ध प्रविधिहरु

५.४ बाली संरक्षण प्रयोगशाला निदान सेवाका लागि प्रयोग हुने सामान्य विधिहरु

५.५ रोग, किरा एवं झारपात तथा यिनको प्राकृतिक शत्रुहरु (मित्रजीव)को जानकारी र उपयोगिता

५.६ मौरी पालन, रेशम किरा पालन तथा किम्व खेतीको उन्नत प्रविधि

५.७ नेपालमा खेती गरिएका च्याउका प्रजाती र कन्ये तथा गोब्रे च्याउ खेती प्रविधि

५.८ रोग किरा नियन्त्रणमा Plant quarantine को भूमिका

५.९ नेपालमा प्रतिबन्ध गरिएका विषादीहरु, विषादीको सुरक्षित प्रयोग र विषादी अवशेष दूतं विश्लेषण

५.१० जैविक, वानस्पतिक तथा रासायनिक विधिबाट बाली संरक्षण

५.११ बोर्डो मिश्रण,बोर्डो पेष्ट, पेन्ट तयारी बिधि

५.१२ वाली उपचार शिविर र यसको आवश्यकता

५.१३ विरुवा संरक्षण ऐन,२०६४ र नियमावली,२०६४

५.१४ जिवनाषक विषादी व्यवस्थापन ऐन, २०७६

प्रदेश लोक सेवा आयोग

६ कृषि अर्थशास्त्र

६.१ कृषि अर्थशास्त्रको परिचय र कृषि विकासमा यसको महत्व

६.२ माग तथा आपूर्तिको नियम

६.३ कृषि विकासमा बजारको महत्व तथा बजारमुखी कृषि उत्पादन योजनाको अवधारणा

६.४ बजार मुल्य (फार्मगेट, थोक तथा खुद्रा मुल्यको अवधारणा)

६.५ कृषि बजारिकरण (समूह बजार, हाट बजार, सहकारी बजार) को परिचय, वर्तमान स्थिति र कृषि विकासमा यसको महत्व

६.६ उत्पादन लागतको परिचय र तुलनात्मक लाभका बालीहरुको पहिचानमा यसको भूमिका

६.७ प्राथमिक तथ्यांक (Primary data) र सहायक तथ्यांक (Secondary data) को परिचय तथा श्रोतहरु एवं तथ्यांक संकलन गर्दा ध्यान दिनु पर्ने कुराहरु

६.८ वाली कटानी (Crop Cutting) र यसको महत्व

६.९ कृषि उद्यम (Agri-business) को परिचय र नेपालमा यसका सम्भावनाहरु

६.१० नेपालमा वस्तुगत कृषि उपजहरुको बजार प्रणाली बारे जानकारी

६.११ प्रदेश तथा स्थानीय तहमा योजना तर्जुमा,कार्यक्रम कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन एवं मूल्यांकन

६.१२ सुदूरपश्चिम प्रदेशमा कृषि उस्मायन (Agri Incubation) र यसको उदेश्य

६.१३ कृषि विकासका कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा कृषि तथ्याङ्कको महत्व

६.१४ कृषिवस्तुमा मूल्य अभिवृद्धि श्रृंखला विकासको परिचय तथा महत्व

७ माटो व्यवस्थापन

७.१ माटोको परिभाषा, माटो निर्माणको प्रक्रिया र नेपालको माटोवारे संक्षिप्त जानकारी

७.२ माटोका गुणहरु

७.२.१ भौतिक गुण - माटोको बनोट, बुनोट ,घनत्व, रंग, ,माटोका पानी धारण गर्ने क्षमता

७.२.२ रसायनिक गुण - माटोको प्रतिक्रिया(पि.एच.), प्रांगारिक पदार्थ र यसको महत्व , कार्बन/ नाईट्रोजन अनुपात

७.२.३ जैविक गुण - राईजोबियम र एजोटोव्याक्टर

७.२.४ अम्लीय र क्षारीय माटोको सुधार किन र कसरी

७.३ बिरुवालाई आवश्यक पर्ने खाद्यतत्व (मुख्यतत्वहरु - नाईट्रोजन, फस्फोरस र पोटास, सहायक तत्वहरु- क्यालिसियम, म्याग्नेसियम, गन्धक र सूक्ष्मतत्वहरु - फलाम, तामा, जस्ता, म्याग्नेज, मोलिवडेनम, सुहाग (बोरोन) र क्लोरिन) हरुको काम र यिनको कमी हुँदा देखिने लक्षण र रोकथामका उपायहरु

७.४ मल र मलखाद

७.४.१ प्रांगारिक मल (कम्पोष्ट मल, गोठेमल, भर्मि कम्पोष्ट, सूक्ष्म जैविक मल, कुखुराको मल, हरियो मल, बायोग्याँस लेदोको मल) र रसायनिक मल (नाइट्रोजनयुक्त, फस्फोरसयुक्त, पोटासयुक्त, मिश्रित र यौगिक, सहायक खाद्यतत्वयुक्त, सूक्ष्मतत्वयुक्त)यीनको प्रकृति, प्रयोग समय र प्रयोग गर्ने तरिकाहरु

७.४.२ मलको मात्रा निकाल्ने तरिका

७.५ माटोको नमूना लिने तरिका, माटो जाँचको लागि माटोको तयारी तथा Kit box बाट नाईट्रोजन, फस्फोरस, पोटास तथा पि.एच. पत्ता लगाउने तरिका

७.६ माटो शिविर र यसको महत्व, घुम्ती माटो परीक्षण प्रयोगशालावाट माटो जाँच

७.७ माटोको उर्वराशक्ति कायम राख्ने र बाली उत्पादनमा यसको व्यवस्थापन र महत्व

७.८ भू-क्षय (Soil erosion) र यसको कारण, प्रकार तथा व्यवस्थापन

प्रदेश लोक सेवा आयोग